# पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकारबाट मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

प्रस्तावना

नेपालमा व्यवसायिक पशुपालनको विस्तार संगै दूध, फुल, मासु र माछाको उत्पादन र उत्पादकत्वमा समेत क्रमिक वृद्धि हुँदैग एकोछ। पशुपालन व्यवसायलाई आकर्षक र नाफा मुलक बनाउँदै एकातर्फ व्यवसायिकरण, उत्पादन विविधिकरण र बजारिकरण मार्फत बढ्दो जनसंख्याको माग अनुरुपको आपूर्ति सुनिश्चत गर्नु पर्नेछ भने अर्को तर्फ प्रातिष्पर्धात्मक क्षमताको विकास र गुणस्तरियता प्रवर्द्धन मार्फत आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा समेत जोड दिनुपर्ने अवस्था छ । ग्रामिण समुदायको जीविकोपार्जनको एक भरपर्दो माध्यमको रुपमा रहेको पशुपालन व्यवसायले मुलुकको आर्थिक सम्मृद्धिमा समेत उल्लेख्य योगदान पुर्याउने भएकाले प्रदेश सरकारले यस क्षेत्रको विकासलाई उच्च प्राथमिकता प्रदान गरि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडी सारेको छ । पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्न सकियोस भन्ने हेतुले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट यो कार्यविधि तर्जुमा गरि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" हुनेछ ।

(ख) यो कार्यविधि प्रदेश सरकारवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा :

(क) "मन्त्रालय"भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई जनाउँछ ।

(ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई जनाउँछ ।

(ग) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्दलाई जनाउँछ।

(घ) "सम्बन्धीत कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्तभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(ङ) "कार्यालय प्रमुख" भन्नाले सम्वन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "साझेदार" भन्नाले लागत सहभागितामा कार्यक्रम सन्चालन गर्नईच्छुक निजि क्षेत्र, कृषक व्यवसायी समेतलाई जनाऊँदछ ।

प्रमुख सचिव

सचिव

(छ) "साझेदारी" भन्नाले पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सरकारी एवं गैरसरकारी क्षेत्र बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाऊँदछ ।

(ज) "पशुजन्य वस्तु" भन्नाले घरपालुवा पशुपन्छी तथा माछाजन्य ताजा वा नासवान वस्तु सम्झनु पर्दछ ।

(झ) "मासु पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासुजन्य उत्पादनहरु विक्रि वितरण गर्न स्थानीय तहमा सुचीकृत भएको मासु बिक्री स्थल सम्झनु पर्दछ ।

(ञ) "डेरी पसल" भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय दूध तथा दुग्धजन्य उत्पादनहरु विक्री वितरण गर्ने उद्देश्यले स्थापित दूध वा दुग्धजन्य पदार्थ बिक्री स्थल सम्झनु पर्दछ ।

(ट) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा, बाखा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पन्छी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाऊँदछ ।

(ठ) "पशुपन्छीजन्य उत्पादन" भन्नाले पशुपन्छी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दूध, फुल, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्य पदार्थहरुका अतिरिक्त पशुपंक्षीको छाला, ऊन, हाड र सोबाट तयार हुने बस्तु समेतलाई जनाऊँदछ ।

(ड) "प्रस्ताव" भन्नाले साझेदारीमा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्दछ ।

(ढ) "कृषक समूह/समिति" भन्नाले प्रचलित कानून बमोजिम पशुपालन व्यवसाय संग सम्बन्धित भईस्थापित व्यवसायलाई सम्झनुपर्दछ ।

(ण) "सम्बन्धित निकायको सिफारिस" भन्नाले मन्त्रालय र निर्देशनालयले प्रकाशन गरेको सूचनाको हकमा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा विज्ञ केन्द्रले प्रकाशन गरेको सूचनाको हकमा सम्वन्धित स्थानिय तहको पशु सेवा शाखाको सिफारिस भन्ने बुझ्नु पर्दछ ।

(त) "प्राबिधिक" भन्नाले सम्बन्धित कार्यालयमा कार्यरत राजपत्र अनङ्कित प्रथम श्रेणी देखि राज पत्राङ्कित द्वितिय श्रेणी सम्मका प्राविधिक कर्मचारीलाई जनाउँछ ।

(थ) "नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक" भन्नाले सेवाको प्रकृति अनुसार नेपाल इन्जीनीयरिङ्ग परिषद, नेपाल पशु चिकित्सा परिषद वा नियमानुसारको आधिकारिक निकायबाट इजाजत प्राप्त प्राविधिक सम्झनु पर्दछ ।

३. उद्देश्य

(क) पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्ने ।

(ख) स्वच्छ,स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण, वितरण र उपभोगमा टेवा पुर्याउने ।

प्रमुख सचिव



सचिव

(ग) पशुउत्पादन पकेटहरुको बजार सम्मको पहुँच बिस्तार पशुपंक्षी तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र बजारिकरणमा टेवा पुर्याउने ।

(घ) पशुजन्य व्यवसायमा यान्त्रीकिरण प्रवर्द्धन गर्ने ।

(ङ) पशुतथा पशुजन्य पदार्थको उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिबृद्धिमा सघाउ पुर्याउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

४. **कार्यक्रम कार्यान्वयन प्रकृयाः** कार्यक्रमहरु देहाय बमोजिम संचालन गरिनेछ ।

(१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची–१* बमोजिमको १५ दिने सार्वजनिक सूचना स्थानिय एफ. एम. र पत्रिका मार्फत जारी गरि वा जिल्ला स्थित सरकारी निकायहरुमा टाँस गरि प्रस्ताव आव्हान गर्नेछ ।

(२) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सन्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले *अनुसूची–२* बमोजिमको आवेदन, *अनुसूची–३* बमोजिमको व्यवसाय योजना, *अनुसूची–४* बमोजिमको लागत साझेदारी प्रतिबद्धता पत्र, *अनुसूची–५* बमोजिमको स्वघोषणा, *अनुसूची–६* बमोजिमको सम्बन्धित निकायको सिफारिस र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(३) दफा ४ को उपदफा (१) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको प्राविधिक | संयोजक |
| (ख) तालुक माथिल्लो निकायको प्राविधिक प्रतिनिधि | सदस्य |
| (ग) सम्बन्धित कार्यालयको खरिद इकाई प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य-सचिव |

*नोटः समितिमा बढिमा २ जना सम्म आमन्त्रण गर्नसकिनेछ।*

(६) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूची पेश गर्नका लागि सम्बन्धित कार्यालयको कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ ।



सचिव

प्रमुख सचिव

(७) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि *अनुसूची–७* बमोजिम फिल्ड भेरिफिकेसन गर्नेछ । साथै आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पूर्व स्थलगत निरिक्षण गर्न सक्नेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची–८* बमोजिम प्रस्तावहरुको मुल्याङ्कन गरि प्राथमिकिकरण सहितको सूचि स्वीकृतिका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(९) सम्बन्धित कार्यालय प्रमुखको स्वीकृति पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि सम्बन्धित कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिनेछ ।

५. सम्झौताः

(१) स्वीकृत प्रस्तावका आवेदक संग सम्बन्धीत कार्यालयले *अनुसूची–९* बमोजिमको द्विपक्षिय सम्झौता गरि कार्यक्रम सन्चालन गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) द्विपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

६. अनुदान प्रवाहका शर्तहरुः

(१) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका संस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्नेछ ।

(२) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकाय एवं संघिय सरकार अन्तर्गतका कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायहरुबाट सोही प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पूनः अनुदानको लागि योग्य मानिने छैन । तर अपूरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(३) साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरु खरिद गर्दा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनी/फर्म आदीको विवरण सम्बन्धित कार्यालयमा पेश गरि पूर्व स्वीकृति लिएर मात्र खरिद गर्नु पर्नेछ । साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/प्यानमा दर्तावाल व्यवसायकि फर्मले जारी गरेको बिल बिजक पेश नगरेको खण्डमा सम्बन्धित कार्यालयले सम्झौता मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(५) लिजको जग्गामा कार्यक्रम सन्चालन हुने भएमा सम्बन्धित जग्गा धनि संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

प्रमुख सचिव

(६) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(७) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित् संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(८) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह रकम असुली र कारवाही हुनेछ ।

(९) कार्यक्रम सचालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी बजेट रु. १० लाख वा सो भन्दा बढी भएको अवस्थामा व्यवसायिक कार्य योजना पेश गर्नु पर्ने छ।

(१०) प्रस्तावकले लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गरेको हुनु पर्नेछ ।

(११) अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

(१२) तालिम, भ्रमण, गोष्ठी, तलब, भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

## ७. भुक्तानी प्रकिया

(१) सम्बन्धित साझेदारले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग बिल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियमानुसारका कोटेशन, बिल बिजक, दाखिला प्रतिवेदन, एवं फोटोग्राफ आदी कागजात संलग्न राखि भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(२) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ साथै कार्यक्रम ७५:२५ को लागत साझेदारीमा सन्चालन हुनेछ । अर्थातः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सन्चालन लागतको ७५ प्रतिशत बराबर मानी बाँकी २५ प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) भुक्तानी गरिने रकमबाट ३(तिन) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ ।

(४) सम्बन्धित कार्यालयले साझेदारसंग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकमको भुक्तानी कसरी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(५) सामान्यतयाः अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढीमा दूई किस्तामा गरिनेछ । तर रु. २ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ ।

प्रमुख सचिव



सचिव

८. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः

(१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवासम्बन्धित कार्यालय वाअन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

९. अनुगमन र मूल्याङ्कनः

(१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए/नभएको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्वन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ वोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

## परिच्छेद ३
## डेरी पसल निर्माण/सुधार कार्यक्रम

### १०. डेरी पसल निर्माण/सुधार कार्यक्रम

दूध तथा दुग्धजन्य पदार्थहरु मानवका लागी मात्र नभै रोग कारक जिवाणुहरुका लागी समेत पोषणयुक्त हुने भएकाले तिनको उचित भण्डारण र बिकि वितरण गरिएन भने छिटटै बिग्रने र कतिपय अवस्थामा जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्न सक्दछ । दूध तथा दुग्धजन्य पदार्थहरुको बढदो माग सम्बोधनका लागि एकातर्फ उल्लेख्य संख्यामा डेरी पसलहरु सन्चालन हुनु आवश्यक छ भने अर्कोतर्फ त्यस्ता पसलहरुबाट स्वस्थ, स्वच्छ एवं गुणस्तरिय दूध तथा दूग्धजन्य पदार्थको बिक्रिवितरण सुनिश्चित गर्नुपर्ने देखिन्छ । यहि परिप्रेक्षमा प्रदेश सरकारले दूध तथा दुग्धजन्य पदार्थको व्यवस्थित भण्डारण र बिक्रि वितरण प्रवर्द्धन गर्ने हेतुले दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरु संगको लागत साझेदारीमा डेरी पसल निर्माण/सुधारको कार्यक्रम सन्चालन गर्नेछ ।

(१) कार्यक्रम संचालन पकृया:

(क) सम्बन्धीत कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) डेरी पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न सहकारी संघ/संस्था, कृषक समुह/समिति,डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी र निजीउद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) डेरी पसल निर्माण/सुधार कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाइ लक्षित गरी संचालन गरिनेछ ।

(घ) डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले कम्तिमा दैनिक १०० लिटर दुध वा सोबराबरको दुग्धजन्य परिकार बिकि वितरण गरिरहेको हुन पर्नेछ ।

(ङ) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने डेरी पसलले *अनुसूची– १०* बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(च) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) बिकि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट आदि ।

(२) मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।

(३) भेण्डिङ्ग मेशिन, कफि मेशिन, डिजिटल डिस्प्ले खरिद र जडान ।

(४) मिल्क डिस्पेन्सर खरिद, डेरी पसलको सजावट आदि ।

## परिच्छेद ४
## मासुपसल निर्माण/सुधार कार्यक्रम

### ११. मासु पसल निर्माण/सुधार कार्यक्रम

शहर बजारमा रहेका अव्यवस्थित मासु पसलहरुका कारण एकातर्फ जनस्वास्थ्यमा प्रतिकुल असर परिरहकोछ भने अर्कोतर्फ वातावरणिय प्रदुषण र स्थान विषेशको प्राकृतिक सुन्दरता समेत धरापमा परेको देखिन्छ । आम उपभोक्ताहरुको स्वच्छ, स्वस्थ्य एव गुणस्तरिय मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पाउने अधिकार सुनिश्चितताका लागी समेत हाल संचालनमा रहेका वा नया स्थापना हुने मासु पसलहरुलाईएक निश्चित मापदण्ड मुताविक स्तरोन्नती र व्यवस्थित गर्नु अत्यावस्यक देखिन्छ । यहि परिप्रेक्षमा प्रदेश सरकारले मासु बजारलाई व्यवस्थित गरि स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासुजन्य पदार्थको सुनिश्चितताका लागि मासु व्यवसायी संघ/समिती, कृषक समुह/समिति, मासु व्यवसायी, फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा मासु पसल निर्माण/सुधारको कार्यक्रम सन्चालन गर्नेछ ।



सचिव प्रमुख सचिव

(१) **कार्यक्रम सन्चालन प्रक्रिया :**

(क) सम्बन्धित कार्यालयलेमासु पसल निर्माण/सुधार कार्यक्रम संचालनका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा मासु को कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानिय निकाय, मासुव्यवसायी संघ/समिती, कृषक समुह/समिति र मासु उद्यमी, निजी उद्यमिहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(घ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिने मासु पसल स्थानिय निकाय वा नियमानुसारका सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(ङ) मासु पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० किलो मासु वा मासुजन्य पदार्थ बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

(च) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने मासु पसलले *अनुसूची– ११* बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(छ) मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) मासु पसलको कोठा बनाउन, भित्ता र भुईमा टायल लगाउन वा मार्वल विछ्याउन ।

(२) मासु, मासुजन्य पदार्थ र माछा भण्डारणको लागि डिप फ्रिज, फ्रिज आदिको व्यवस्था ।

(३) पशुपन्छी बध गर्दा निस्कने फोहोर व्यवस्थापन ।

(४) पशुपन्छी काटने, भुत्ल्याउने र सफा गर्ने स्ल्याब (टेबुल) निर्माण ।

(५) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड टयांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(६) उपकरण खरिद जस्तैः मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेवल, चक्कुहरु, डिजिटल तराजु, अचानो आदी ।

(७) विभिन्न जातका पशुपन्छीको मासु अलग अलग राखी बेच्नका लागी शिशाको पार्टिशन ।

(८) शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार ।

(९) पसल अगाडीको आँगन र ग्राहक बस्ने स्थान निर्माण/सुधार।

(ज) सुधारिएको मासु पसलको सामान्य स्वरुप पशु बधशाला तथा मासु जाँच ऐन, नियमावली र प्राविधिक निर्देशिकामा तोकिए बमोजिम हुनेछ । तर स्थान विषेशको आवश्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श लिई सामान्य परिमार्जन सहितको मासु पसल निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।



सचिव

प्रमुख सचिव

# परिच्छेद ५
## काउम्याट एवं टिट डिपिङ्ग सेट वितरणकार्यक्रम

### १२. काउम्याट एवं टिट डिपिङ्ग सेट वितरण कार्यक्रम

दुग्ध उत्पादक कृषकहरु आफुले पालेका पशु बस्तुमा हुने थुनेलो, खुरपाक्ने, जोर्नि सुन्निने, स्वास प्रस्वास सम्बन्धि र अन्य विभिन्न खाले पशु स्वास्थ्य समस्याका कारण समस्यामा पर्ने गरेका छन् । दुधालु पशुका कतिपय समस्याहरु गोठको सरसफाई र दैनिक व्यवस्थापन संग प्रत्यक्ष सम्बन्धित हुने गर्दछ । खासगरि उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका पशुहरुमा थुनेलो लगायत खुट्टा र कल्चौंडो सम्बन्धि समस्या न्यूनिकरणका लागि हाल प्रचलित सिमेन्टेड भूइँ भएको गोठ र त्यसको सरसफाइमा सुधारको खाँचो देखिन्छ । थुनेलो रोगका कारण उत्पादन ह्रास र उपचारमा हुने आर्थिक नोक्सानीका अतिरिक्त कतिपय अवस्थामा थुन समेत काम नलाग्ने हुने भएकाले रोकथामका उपाय र प्रबिधिहरुको अवलम्बन अत्यावस्यक देखिन्छ । यस सन्दर्भमा काउ म्याट र टिट डिपिङ्ग प्रबिधि थुनेलो रोकथाम मात्र नभै दुधालु पशु कल्याण प्रवर्द्धनमा समेत उपयोगि ठहर भएको छ । यहि परिप्रक्षमा प्रदेश सरकारले दुग्ध उत्पादक कृषक र व्यवसायीहरुलाई काउ म्याट र टिट डिपङ्ग प्रबिधि अवलम्बनमा सहयोग पुर्याउने हेतुले काउ म्याट एवं टिट डिपिङ्ग सेट वितरणकार्यक्रम संचालन गर्नेछ ।

(१) **कार्यक्रम सन्चालन प्रकृयाः**

(क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अभिलेखित दुग्ध उत्पादक कृषक, व्यसायिक फार्म, पशुपालनमा आवद्ध कृषक समुह/समिति/सहकारी, कम्पनी र निजी उद्यमी हरुलाई बार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही काउ म्याट र टिट डिपीङ्ग सेटहरु निःशुल्क वितरण गर्नु पर्नेछ ।

(ख) काउ म्याट र टिट डिपीङ्ग सेटहरुको खरिद प्रकृया प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधी नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

(ग) उन्नत नश्लका कम्तिमा ५ वटा सम्म गाईभैसी पालन गरी दैनिक २० लिटर दूध उत्पादन र बेच बिखन गरिरहेका र अन्य अनुदानमूखि कार्यक्रमा नसमेटिएका कृषकहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन हुनेछ।

(घ) यस कार्यविधि बमोजिम काउ म्याट र टिट डिपिङ्ग सेट प्राप्त गर्ने कृषकले *अनुसूची– १२* बमोजिम असल पशुपालन अभ्यास गर्ने प्रतिब्द्धता हुनु पर्नेछ ।



प्रमुख सचिव

## परिच्छेद ६
## व्यवसायीक वाखा फार्महरुमा डिपिङ्ग टयाङ्क निर्माण कार्यक्रम

**१३. व्यवसायीक वाखा फार्महरुमा डिपिङ्ग टयाङ्क निर्माण कार्यक्रमः**

वाह्य परजिविको कारण वाखाको वृद्धि विकास, उत्पादन र स्वास्थ्य प्रभावित हुनगै वाखापालन व्यवसायबाट प्राप्त हुने आर्थिक लाभ समेत ह्रास हुन पुग्दछ ।यसर्थः वाखाको जातिय क्षमता वमोजिमको उत्पादन तथा उत्पादकत्वप्राप्त गर्न वाह्य परजिविको नियन्त्रण अत्यावश्यक देखिन्छ । यसै तथ्यलाई मनन् गर्दै प्रदेश सरकारले डिपिङ्ग टयाङ्क निर्माण कार्यक्रम अघि बढाएको छ ।

(१) **कार्यक्रम सन्चालन प्रकृयाः**

(क) सम्बन्धित कार्यालयलेबार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यलयले प्रदान गर्ने अनुदान रकम डिपिङ्ग टयाङ्कको भौतिक संरचना निर्माण कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) साझेदारिमा डिपिङ्ग टयाङ्क निर्माणका लागि छनौट गरिने व्यवसायिक फार्म र तिनले पालना गर्नुपर्ने शर्तहरु निम्न बमोजिम हुनेछ ।

(१) छनौट गरिने व्यवसायिक बाखापालन फार्ममा कम्तिमा २० वटा प्रजनन् योग्य माउ वाखा भएको हुनु पर्नेछ ।

(२) डिपिङ्ग टयाङ्क *अनुसूची– १३* बमोजिम निर्माण गर्नु पर्नेछ ।

(३) डिपिङ्ग टयाङ्कनिर्माण गरिने स्थल प्राविधिक दृष्टिकोणवाट उपयुक्त हुनु पर्नेछ ।

(४) फार्ममा जैविक सुरक्षा (Bio Security) का उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

(५) छनौट गरिएका फार्महरुमा भएका प्रजनन् योग्य वोका र माउ वाखाको छनौट तथा टयागिङ्ग गर्ने, कमसल बोकाहरुलाई क्याष्ट्रेशन र पाठीहरुलाई हटाउने गर्नु पर्नेछ ।

(६) फार्ममा वर्षमा ३ पटक वाह्य परजिवी नियन्त्रण गर्नु पर्नेछ ।

(७) वाखापालन फार्ममा अनिवार्य रुपले पी.पी.आर. विरुद्धको खोप लगाएको हुनु पर्नेछ ।

(८) बाखाहरुको बीमा गरेको हुनु पर्नेछ ।

प्रमुख सचिव

सचिव

प्रमुख सचिव

## परिच्छेद ७

## बोयर बोका वितरण कार्यक्रम

### १४. व्यवसायीक बाखा फार्ममा बोयर बोका वितरण कार्यक्रम

आय आर्जन, रोजगारी श्रृजना र गरिवी न्यूनिकरणका सन्दर्भमा वाखापालन व्यवसायको महत्वपूर्ण स्थान रहेको छ। बिगतमा समेत मासु उत्पादनका लगि उपयुक्त मानिएका उच्च उत्पादकत्वयुक्त बिदेशी नश्लका बाखाहरु आयातगरि स्थानिय जातका बाखाको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि जातिय सुधारका प्रयाशहरु हुँदै आएकोमा पछिल्ला केही बर्ष यता बाखापालक कृषकहरु माझ बोयर जातको बाखाको लोकप्रियता अप्रत्याशित रुपले बढेको छ । नेपालको मध्यपश्चिम र सुदुर पश्चिम क्षेत्रमा संचालित विभिन्न आयोजनाहरुले बिदेशबाट बोयर जातको बाखा आयात गरि बितरण गरेता पनि प्रदेश नं. १ मा भने त्यस्ता आयोजनाहरु सन्चालनमा नहरेकाले कृषकहरुले महँगो मूल्यमा ब्याडका बोका खरिद गर्नुपरेको अवस्था छ । यहि परिप्रेक्षमा बाखाको नश्ल सुधार गरि उत्पादकत्व वृद्धि गर्न तथा व्यवसायिकरणमा टेवा पुर्याउने हेतुले प्रदेश सरकारले बोयर जाताका बाखाको ब्याडको बोका वितरणकार्यक्रम संचालनमा ल्याएको छ ।

(१) **कार्यक्रम सन्चालन प्रकृयाः**

(क) सम्बन्धीत कार्यालयले बोयर बोका वितरण कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) व्यवसायीक बाखापालन फार्मको हकमा प्रति फार्म कम्तिमा २५ वटा प्रजनन् योग्य माउ बाखा र कृषक समूह/समिति/सहकारीको हकमा प्रति कृषक कम्तिमा ५ वटा माउ बाखा भएको १० घरधुरीका बिच एउटा बोयर बोका बितरण गर्न सकिनेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत प्रजननको लागि निम्न गुण भएको ब्याडको बोयर बोका खरिद गर्नुपर्नेछ ।

(१) दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाखाको सन्तान भएको ।

(२) बोकाको माउ (Dam)रबाउ(Sire)को बीच नाता नभएको ।

(३) राम्रो दूध दिने माउबाट जन्मेको ।

(४) जातीय गुण प्रष्ट देखिने भएको ।

(५) दुवै अण्डकोष राम्रोसँग विकास भएको र समान आकार प्रकारको भएको ।

(६) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला, रौं सफा र चम्किलो, उमेर अनुसार शारिरिकवृद्धि भएको ।

(७) चौडा छाती, बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको शरीर भएको ।

(८) प्रजनन् सम्बन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त रहेको ।

(९) ६ महिना उमेर पुगेको र कम्तिमा ३० किलो शारिरीक तौलभएको ।

प्रमुख सचिव

सचिव

## परिच्छेद ८
## घाँस विकास कार्यक्रम संचालन

### १५. घाँस बिकास कार्यक्रम सन्चालन

पशुपालन क्षेत्रको व्यवसायिकरणका माध्यमबाट एकातर्फ दूध र मासुको उत्पादन र उत्पादकत्व बृद्धि गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ व्यवसायिक दिगोपनका लागि प्रतिष्पर्धात्मक क्षमताको विकास र लागत मूल्य न्यूनिकरण पनि हाम्रो सन्दर्भमा उत्तिकै महत्वपूर्ण छ । बर्षै भरि हरियो घाँसको उपलव्धता सुनिश्चित गर्नका लागि व्यवसायिक कृषक तथा कृषक समूह/समिति/सहकारी मार्फत उन्नतजातका हिउदे, वर्षे र वहुवर्षे घाँसेवालीहरुको खेति प्रवर्द्धन गर्नुपर्ने आवश्यक्ता देखिएको छ ।उन्नत घाँस खेती बिस्तारका लागि प्रदेश सरकारले विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यक्रमहरु जस्तै घाँसको वीउ/ बेर्ना/ सेट्स/स्लिप/ स्यापलिङ्ग आदिको उत्पादन र वितरण, हिउँदे/बर्षे/वहुबर्षे घाँसको विउँ/बेर्ना/सेट्स वितरण,उन्नत घाँस खेतिको आधारमा अनुदान उपलब्ध गराउने, सामुदायीक वन तथा खेर गएको जग्गामा घाँस खेति विकास, घाँस खेतिको लागि सिंचाइ व्यवस्थापन गर्न सोलार बोरिङ्ग स्थापना, मल्टिफङ्गसन ग्रास हार्भेस्टरवितरण र मोटर सहित को च्याफकटर मेशिन वितरण जस्ता कार्यक्रमहरु संचालनभएको छ ।

(१) **हिउदे/वर्षे/वहुवर्षे घाँसको विउ/वेर्ना/सेट्स वितरण कार्यक्रम संचालन प्रक्रियाः**

(क) पशुपालनमा आवद्ध व्यवसायिक कृषक/समूह/समिति/सहकारी, कम्पनी, फर्म र निजी उद्यमीहरुलाई बार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही निःशुल्क वितरण गर्नु पर्नेछ ।

(ख) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधी नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको खरिद प्रकृया अपनाइनेछ ।

(२) **उन्नत घाँस खेतिको आधारमा अनुदान कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) पशु आहारा प्रयोजनको लागि खेति गरिएको बहुवर्षिय घाँसको क्षेत्रफलको आधारमा प्रति हेक्टर रु. ५० हजार सम्म अनुदान उपलब्ध गराईनेछ ।

(ग) बिऊ उत्पादन प्रयोजनको लागि खेति गरिएको हिउँदे/बर्षे/वहुवर्षिय घाँसको हकमा समेत क्षेत्रफलको आधारमा प्रति हेक्टर रु.५० हजार सम्म अनुदान दिन सकिनेछ तर यस्तो अनुदान प्राप्त गर्नका लागि सम्बन्धित कार्यालयसंग पहिला नै कन्ट्याक्ट फार्मिङ्गको सम्झौता गरेको हुनु पर्नेछ ।

(३) **सामुदायीक वन तथा खेर गएको जग्गामा घाँस खेति विकास कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।



सचिव

प्रमुख सचिव

(ख) सामुदायीक वन क्षेत्र भित्र कम्तिमा ५ हेक्टर जग्गामा घाँस विकास गरेको हुनु पर्नेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(१) डाँले घाँसको विरुवा खरिद र रोपण ।

(२) हिउँदेघाँसको बिऊ खरिद र वितरण ।

(३) बर्षे घाँसको बिऊ खरिद र बितरण ।

(४) बहुवर्षिय घाँसको बिऊ/बेर्ना/स्लीप/सेट्स खरिद र बितरण ।

(५) घाँसको नर्सरी/श्रोतकेन्द्र स्थापना ।

(६) घाँस खेतिमा सिंचाई व्यवस्थापन ।

(७) घाँस खेतिको लागि आवश्यक पर्ने मेशिन औजार र उपकरण खरिद ।

(८) घाँस खेति गरिएको क्षेत्रको घेरवार र जैविक बारबन्देज ।

(४) **मल्टिफङ्गसन ग्रास हार्भेस्टरवितरण कार्यक्रम संचालन प्रकृयाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धीत कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) व्यवसायिक किसिमले प्रति फार्म/कृषक/व्यवसायी कम्तिमा २० वटा बयस्क गाई/भैसीपालन गरिरहेका १० वटा फार्म/कृषक/व्यवसायीहरुले संयुक्त रुपमा मल्टिफङ्गसन ग्रास हार्भेष्टर प्रयोग गर्ने प्रतिबद्धता जनाएमा त्यस्ता फार्म/कृषक/व्यवसायीहरुलाई कार्यक्रम सन्चानमा प्राथमिकता दिईनेछ ।

(ग) साईलेज बनाउने प्रयोजनको लागि प्रत्येक फार्म/कृषक/व्यवसायी संग कम्तिमा २ हेक्टर क्षेत्रफलमा घाँस खेति गरेको हुनु पर्नेछ ।

(घ) मल्टिफङ्गसन ग्रास हार्भेस्टर वितरण गर्दा व्यवसायीक पशुपालनमा "असल आहारा व्यवस्थापन अभ्यास" अनुसरण गरि घाँस कम खेर जाने पद्धति अवलम्बन गर्नेलाई प्राथमिकता दिईनेछ ।

(५) **घाँस खेतिको लागि सिंचाइ व्यवस्थापन गर्न सोलार बोडिङ्ग कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) छनौट गरिने व्यवसायिक गाई/भैसी पालक कृषक/फार्म/व्यवसायीले कम्तिमा २० वटा दुधालु गाई/भैसीपालन गरेको हुनु पर्नेछ ।

(ग) पशु आहाराको लागि कम्तिमा २ हेक्टर क्षेत्रफलमा घाँस खेति गरेको हुनु पर्नेछ ।

(घ) घाँस खेतिको लागि सिंचाइ व्यवस्थापन गर्न सोलार बोडिङ्ग वितरण गर्दा व्यवसायीक पशुपालनमा "असलआहारा व्यवस्थापनअभ्यास" अनुशरण गरि घाँस कम खेर जाने पद्धति अवलम्बन गर्नेलाई प्राथमिकता दिईनेछ ।

(६) **मोटर सहितको च्याफकटर मेशिन वितरण कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) छनौट गरिने कृषक/फार्म/व्यवसायीले गाई/भैसीको हकमा कम्तिमा ५ वटा वयस्क गाईभैसी, बाख्राको हकमा कम्तिमा २० वटा माउ बाख्रार मासुको लागि पाडापालन गर्नेको हकमा कम्तिमा १५ वटा पाडापालन गरेको हुनु पर्नेछ ।

(ग) मोटर सहित को च्याफकटर मेशिन वितरण गर्दा व्यवसायीकपशुपालनमा "असलआहारा व्यवस्थापनअभ्यास" अनुशरण गरि घाँस कम खेर जाने पद्धति अवलम्बन गर्नेलाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद ९

## ब्यवसायीक पशुपन्छी फार्म प्रबर्द्धन कार्यक्रम

**१६. ब्यवसायीक पशुपन्छी फार्म प्रबर्द्धन कार्यक्रम**

(१) **ब्यवसायिक बँगुर फार्ममा खोर निर्माण/सुधार तथाजैविक सूरक्षा कार्यक्रमसंचालन प्रक्रियाः**

बंगुरपालन ब्यबसाय मार्फत आयआर्जन एवं स्वरोजगार प्रवर्द्धन गर्ने ध्येयले स्वच्छ वातावरणमा स्वस्थ बँगुरपालनलाई प्रश्रय दिइ गुणस्तरिय मासु उत्पादन सुनिश्चित गर्ने तथा छाडा बंगुरपालनलाई निरुत्साहित गर्ने सोंचका साथ व्यवसायिक बँगुर फार्ममा खोर निर्माण/सुधार तथा जैविक सुरक्षा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) यस कार्यक्रममा सहभागी हुनेबँगुर पालक कृषक/फार्म/व्यवसायिले पहाडी क्षेत्रको हकमा पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा ५ वटा भुनी वा मासु उत्पादन प्रयोजनले कम्तिमा १० वटा बँगुर पालेको हुनु पर्नेछ भने तराई क्षेत्रको हकमा पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा १० वटा भुनी वा मासु उत्पादन प्रयोजनले कम्तिमा २० वटा बँगुर पालेको हुनु पर्नेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयवाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

सचिव

प्रमुख सचिव

(१) बँगुरको खोर निर्माण र सुधार गर्न ।

(२) बँगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद गर्न।

(३) बँगुर फार्ममा बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध गर्न ।

(४) बँगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन गर्न ।

(५) बँगुर फार्ममा पानिको व्यवस्था, विद्युतिय मोटर र नमासिने प्रकृतिका सरसफाई सामग्री खरिद गर्न ।

**१७. व्यवसायिक गाईभैंसी फार्महरुलाई गोठ निर्माण/सुदृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ ।

(ख) छनौट हुने साझेदारले *अनुसूची– १२* बमोजिमको असल पशुपालन अभ्यास पालना गर्नु पर्नेछ ।

(ग) यस कार्यक्रमको प्रयोजनको लागि व्यवसायी गाईभैंसी पालन फार्मको बर्गिकरण निम्न बमोजिम हुनेछ ।

(१) साना व्यवसायीक गाईभैंसी पालन फार्मः ५ देखि १० वटासम्म उन्नत दुधालु गाईभैंसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(२) मझौला व्यवसायीक गाईभैंसी पालन फार्मः ११ देखि ३० वटासम्म उन्नत दुधालु गाईभैसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(३) ठूला व्यवसायीक गाईभैसीपालन फार्मः ३० भन्दा बढि उन्नत दुधालु गाईभैंसी पालन गरी दूध उत्पादन र बेचबिखन गर्ने गरेको ।

(घ) कार्यक्रम सन्चालनका लागि उपलब्ध गराईने आर्थिक सहयोग निम्न बमोजिम हुनेछ ।

(१) साना व्यवसायीक गाईभैसी पालन फार्मलाई उन्नत नश्लका गाईभैंसी खरिद र पशु बीमा वापत प्रति पशु रु २० हजारका दरले प्रति कृषक/फार्म/व्यवसायी बढीमारु. २,००,०००/– (दूई लाख) सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(२) मझौला व्यवसायीक गाईभैंसी पालन फार्मलाई निम्न क्रियाकलाप सन्चालनका लागि प्रति कृषक/फार्म/व्यवसायी बढीमा रु. ३,००,०००/– (तिन लाख) सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

(क) गोठ निर्माण/सुधार तथा फार्मको बारबन्देज र जैविक सुरक्षा आदि ।

(ख) पशु प्रजनन्, पशु आहारा तथा अन्य व्यवस्थापकिय कार्यमा सहयोग पुग्ने मेशिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर, च्याफकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद ।

(३) मझौला व्यवसायिक गाईभैंसी पालन फार्मलाई पालिएका पशु संख्याको आधारमा प्रदान गरिने अनुदान रकमको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

(क) ११–१५ दुधालु गाईभैंसी पालेकोफार्मलाई अधिकतम रु. २,२५,०००/–



सचिव

प्रमुख सचिव

(ख) १६–२० दुधालु गाईभैंसी पालेकोफार्मलाई अधिकतम रु. २,५०,०००/–

(ग) २१–२५ दुधालु गाईभैंसी पालेकोफार्मलाई अधिकतम रु. २,७५,०००/–

(घ) २६–३० दुधालु गाईभैंसी पालेकोफार्मलाई अधिकतम रु. ३,००,०००/–

(४) ठूला व्यवसायीक गाईभैंसी पालन फार्मलाई निम्न क्रियाकलाप सन्चालनका लागि प्रति कृषक/फार्म/व्यवसायी बढीमा रु. ५,००,०००/–(पाँच लाख) सम्म अनुदान प्रदान गरिनेछ।

(क) गोठ निर्माण/सुधार, फार्मको बारबन्देज र जैविक सुरक्षा आदि ।

(ख) पशु प्रजनन्, पशु आहारा तथा अन्य व्यवस्थापकिय कार्यमा सहयोग पुग्ने मेशिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर, च्याफकटर, काउ म्याट, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद ।

(ग) मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोरेज बल्क मेशिन/ यू.एम.एम.बी.मेशिन/विद्युतिय फिडर/साइलोपिट/ डिप बोरिङ्ग/चिलिङ्ग भ्याट/पाश्चुराईजर आदी खरिद तथा जडान ।

(५) ठूला व्यवसायिक गाईभैंसी पालन फार्मलाई पालिएका पशु संख्याको आधारमा प्रदान गरिने अनुदान रकमको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

(क) ३१–५० दुधालु गाईभैंसी पालेको फार्मलाई अधिकतम रु. ३,२५,०००/–

(ख) ५१–७५ दुधालु गाईभैंसी पालेको फार्मलाई अधिकतम रु. ३,५०,०००/–

(ग) ७६–१०० दुधालु गाईभैंसी पालेको फार्मलाई अधिकतम रु. ४,००,०००/–

(घ) १०० भन्दा बढी दुधालु गाईभैंसी पालेको फार्मलाई अधिकतम रु. ५,००,०००/–

**१८. व्यवसायिक बाख्राफार्महरुलाई खोर निर्माण/सुधार तथा जैविक सुरक्षा कार्यक्रम संचालन प्रक्रिया:**

(१) कार्यक्रम सन्चालन गर्दा सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरु अवलम्बन गर्नेछ । यस कार्यक्रमको प्रयोजनको लागि व्यवसायीक बाख्रापालन फार्मको वर्गिकरण निम्न बमोजिम हुनेछ ।

(क) निजी व्यवसायीक बाख्रापालन फार्मः कम्तिमा २० वटा प्रजनन् योग्य माउबाख्रापालन गरेको फार्म ।

